
राष्ट्रिय ‘क’ वर्गमा वर्गीकृत

राष्ट्रिय दैनिक

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

| वर्ष १४ | अंक ३४ | बुधबार | ३ मंसिर २०८२ | Wednesday 19 November 2025 | पृष्ठ: ४ | मूल्य: ६ रूपैया



बुटवलमा मंगलबारदेखि विश्वप्रसिद्ध टाईटेनिक घडीको बिक्री शुभारम्भ भएको छ। सो अवसरमा घडी आगन्तुक पाउनाहरूलाई घडी देखाउँदै कर्मचारी।

आनन्दलोक हास्पिटल
एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विषेशज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क – ००९१-६३९०५८७९९७

# रोहिणीमा सुरक्षित मातृत्वको ढोका बन्द

**स्थानीय बासिन्दाका लागि भरपर्दो सहारा बनेको बगाहा स्वास्थ्य चौकीको बर्थिङ सेन्टर अहिले बन्द छ। कतिपय गाउँपालिकाहरू करोडौं खर्च गरेर नयाँ प्रसूति सेवा थपिरहेको बेला यो सेन्टर भने बन्द भएको हो।**

**राधेश्याम विश्वकर्मा**
भैरहवा, २ मंसिर।

जिल्लाका अधिकांश स्थानीय तहहरू यतिबेला घरमा हुने शिशु जन्मलाई “शून्य” मा झार्ने अभियानमा जुटेका छन्। टोलटोलमा बर्थिङ सेन्टरको स्थापना गरेर सुरक्षित मातृत्वको ढोका खोल्ने प्रयत्न भइरहँदा, रोहिणी गाउँपालिकाको एउटा स्वास्थ्य केन्द्रको आँगनमा भने आशाको दियो निभेको छ।

स्थानीय बासिन्दाका लागि भरपर्दो सहारा बनेको बगाहा स्वास्थ्य चौकीको बर्थिङ सेन्टर अहिले बन्द छ। कतिपय गाउँपालिकाहरू करोडौं खर्च गरेर नयाँ प्रसूति सेवा थपिरहेका छन्, तर रोहिणीका गर्भवतीहरू भने आफ्नो जीवनको सबैभन्दा नाजुक घडीमा गन्तव्यविहीन बनेका छन्। सुरक्षित प्रसूति सेवा नपाउँदा लामो, कष्टकर र महँगो यात्रा गरेर अन्यत्र जानुपर्ने बाध्यताले यहाँका विपन्न समुदायका आमाहरूको मन पिरोलिएको छ।

“सरकारले घरमै सुत्केरी नहुनु भन्छ, बर्थिङ सेन्टरमा जाउ भन्छ। तर, हामीले भरोसा गरेको केन्द्र नै बन्द भएपछि हामी कहाँ जाउँ ? मध्यरातमा प्रसव पीडाले छटपटाउँदा कहाँ भेटिन्छ एम्बुलेन्स ? कहाँबाट जुट्छ अरू अस्पताल पुग्ने पैसा ?” बगाहा क्षेत्रकी एक गर्भवती महिला राजकुमारी कोहारको यो प्रश्नले सरकारी प्राथमिकतामाथि गहिरो चोट पुर्याउँछ। ज्यानको जोखिम मोलेर घरमै सुत्केरी हुने वा महँगो भाडा तिरेर सदरमुकामको अस्पताल पुग्ने, दुईमध्ये एक कठोर विकल्प रोज्न यहाँका आमाहरू बाध्य छन्।

बगाहा स्वास्थ्य चौकीको प्रसूति केन्द्र बन्द हुनु भनेको एउटा भवनमा ताल्चा लाग्नु मात्र होइन। यो त सुरक्षित मातृत्वको अधिकारमाथि नै ताल्चा लाग्नु हो। गाउँघरमै सजिलै र निःशुल्क सेवा पाउने आशमा रहेका सयौं परिवारको आशा र विश्वास माथि यो घटनाले तुषारापात स्थानीय राजकुमारी कोहारको भनाइ छ।



बगाहा स्वास्थ्य चौकीका प्रमुख बुद्धि प्रसाद पन्थका अनुसार २०७३ सालमा नयाँ भवनमा सरेका स्वास्थ्य संस्थामा २०७५ सालमा तत्कालीन गाउँपालिका अध्यक्ष सनोज कुमार यादवको प्रयासमा “बर्थिङ सेन्टर” सुरु भएको थियो। बर्थिङ सेन्टर तर्फ नर्सिङ्गमा शान्ता ज्ञवाली र खेम कुमारी महतो, सरसफाईकर्मी विपत कुमारी नाउ र चौकीदारमा सुङ्गु लोहारले काम गरिरहेका थिए। स्वास्थ्य चौकी प्रमुख प्रसुति सेवाको लागि आवश्यक पर्ने भौतिक संरचना र उपकरण पनि पर्याप्त रहेका थिए। तर रोहिणी गाउँपालिकाले कार्तिक १ गते बर्थिङ सेन्टर बन्द गर्ने र सेन्टरमा कार्यरत कर्मचारी हटाउने निर्णय गरेकोले कार्तिकको २ गते देखि सो सेवा बन्द गरिएको जनाए। प्रसूति सेवा हटे पनि गर्भवती जाँच र सुत्केरी पछिको सबै सेवाहरू स्वास्थ्य संस्थामा यथावत रहेको उनले जनाए।

स्वास्थ्य केन्द्र सञ्चालन गर्ने जिम्मेवारी बोकेका स्थानीय तहहरूले “शून्य घर जन्म” को नारा लगाइरहँदा, किन चलिरहेको सेवा बन्द भयो ? यो प्रश्नले स्थानीय सरकारको प्राथमिकतामाथि गम्भीर सन्देह उत्पन्न गराउँछ।

यस विषयमा रोहिणी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत जगत बहादुर बस्नेतले प्रसूति केन्द्र धान्न गाह्रो भएको बताए। उनले वर्षमै करिब २० लाख खर्च हुने गरेको र प्रसूति गराउने महिलाहरूको संख्या न्यून भएको कारण असोज २९ गते बसेको कार्यपालिकाको बैठकले उक्त सेवा केन्द्र बन्द गर्ने निर्णय गरेको बताए। उनले बगहा स्वास्थ्य चौकीबाट सदरमुकाम नजिकै रहेको तथा पालिकाबाट एम्बुलेन्स सेवा निःशुल्क प्रदान गरिने हुदा प्रसूति हुने महिलाहरूलाई भने त्यति गाह्रो नहुने जिकिर गरे। सोही दिनको कार्यपालिका बैठकले पालिकाको दरबन्दी बाहेक र अति आवश्यक बाहेकका ३९ जना कर्मचारी हटाउने निर्णय गरेको पनि उनले जानकारी दिए।

प्रमुख प्रशासकिय अधिकृतले मासिक ५ जना भन्दा कम प्रसुति भए प्रसूति सेवा केन्द्र बन्द गर्न सक्ने व्यवस्था रहेको दावी गरे। बस्नेतले आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम अन्तर्गत उक्त व्यवस्था रहेको दावी गरे पनि आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिकाको अनुसुची ११ मा प्रसुति केन्द्र स्थापनाका आधारहरू अन्तर्गत बुँदा नम्बर २ मा “नयाँ स्थापना हुने बर्थिङ सेन्टरले वर्षमा हिमाली जिल्लामा १०, पहाडी जिल्लामा १५ र तराईका जिल्लामाहरूमा ४० प्रसूति गराएको हुनुपर्नेछ ” भन्ने व्यवस्था गरेको छ। अर्थात सञ्चालनमा रहेको र ४० भन्दा कम प्रसूति गराउने बर्थिङ सेन्टरलाई बन्द गर्न सकिने वा मर्ज गर्न सकिने व्यवस्था कतै उल्लेख भएको पाइएन।

गर्भवती महिला र नवजात शिशुको जीवनसँग जोडिएको यो संवेदनशील विषयमा तत्काल ध्यान दिइएन भने रोहिणी गाउँपालिकाको नाममा घरमै असुरक्षित तवरले जन्मने शिशुको संख्या बढ्ने जोखिम छ, जसको नैतिक जिम्मेवारी जनप्रतिनिधिहरूले लिनुपर्नेछ।

# बाँके राष्ट्रिय निकुञ्जमा विदेशी पर्यटक ‘नाइट स्टे’

**विमला चौधरी**
नेपालगञ्ज, २ मंसिर।

बाँके राष्ट्रिय निकुञ्जमा पर्यटकीय गतिविधि उल्लेखनीय रूपमा बढेका छन्। विशेषगरी जंगल सफारी, पदयात्रा र जंगल-नाइट स्टे जस्ता साहसिक पर्यटनमा विदेशी तथा स्वदेशी पर्यटकको चहलपहल उल्लेख्य छ।

निकुञ्जले वन्यजन्तु संरक्षणसहित पर्यटनलाई प्राथमिकतामा राख्दै घाँसे मैदान, कृत्रिम तालदेखि वनपथ र मचान सम्मका पूर्वाधार बिस्तार गरेको छ। हाल निकुञ्जभित्र करिब एक दर्जन मचान, २०० किलोमिटरभन्दा बढी वन-पथ, २५ सोलारजडित ताल, ४५० हेक्टर घाँसे मैदान र चारवटा ठूला जलाशय तयार गरिएका छन्।

नाइट-स्टेमाः पर्यटकलाई ‘फुल-फेसिलिटी’ दिन तैयार निकुञ्जले जनाएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलका अनुसार नाइट स्टे गर्न चाहने पर्यटकका लागि सुरक्षा, मार्गदर्शनदेखि बस्ने संरचना र अवलोकनका पूर्वाधार सबै तयार छन्। ‘जिप सफारीकालागि वन-पथहरू पर्याप्त छन्, मचानहरू सुरक्षित छन्, पर्यटकले वन्यजन्तु प्रत्यक्ष अवलोकन गर्न सहज वातावरण बनाइएको छ,’ कँडेलले बताए।



अघिल्ला वर्षहरूमा पर्यटक आगमन न्यून भए पनि यो आर्थिक वर्षको सुरुवातदेखि नै उत्साहजनक वृद्धि देखिएको छ। हालसम्म २४४ नेपाली र ६ जना विदेशी गरी २५० जना पर्यटक निकुञ्जभित्र प्रवेश गरिसकेका छन्। निकुञ्ज स्थापना सन् २०१० ७२०६७ असार २८७ मा बाघ संरक्षण र जैविक मार्ग संरक्षणका उद्देश्यले ५५० वर्ग किलोमिटर क्षेत्रमा गरिएको थियो। पाटेबाघको पछिल्लो सूचनामा २१ भन्दा बढी संख्या रहेकाले पनि यहाँको जंगल सफारी अत्यन्त रोचक मानिन्छ।

(बाँकी पृष्ठ २ मा)

# फूलमाला बिक्रीबाट १२ लाख आम्दानी

**रञ्जिता अधिकारी**
दाङ, २ मंसिर।

दाङमा व्यवसायिक फूल खेतीमा युवा आकर्षण बढ्दै गएको छ। वाणगङ्गा नगरपालिका कपिलवस्तुका भाष्कर पङ्गेनी, दशरथ साउदले घोराही उपमहानगरपालिका-१५ भरतपुर र घोराही -१७ गैरागाउँमा व्यवसायिक सयपत्री फूल खेती गरेर तिहारमा माला र फूल बिक्री गरेर १२ लाख आम्दानी गरेका छन्।

कपिलवस्तुमा चार वर्षदेखि फूल खेती गरिसकेका पङ्गेनीले तीन वर्षदेखि दाङमा व्यवसायिक फूल खेती बिस्तार गरेका हुन्। उनले दाङमा १० कठ्ठा जमिन मासिक दुई हजार तिर्नेगरी भाडामा लिएर फूल खेती सुरु गरेका थिए भने यो वर्ष घोराही -१७ गैरा गाउँमा १५ कठ्ठा जमिन थप गरेर फूल खेती गरेका थिए।

गत वर्ष १० कठ्ठामा व्यावसायीक फूल खेती गरेका पङ्गेनीले यो वर्ष १५ कठ्ठामा फूल खेती गरेका थिए। उनले यस बर्ष ‘कर्म ५५५’ जातको सयपत्री फूल खेती गरेका थिए।

भास्करसँगै व्यवसायमा जोडिएका कृषि प्राविधिक सहायक दशरथ साउदले फूल खेतीको प्राविधिक पक्ष हेर्ने गरेका छन्। कृषि प्राविधिक पढेर कृषिमा लागेका साउदले फूल खेती अवलोकन गर्न आउनेलाई प्राविधिक ज्ञान दिने गरेका छन्।



घोराही- १७ गैरागाउँमा फूलखेती गरिएको स्थानमा “एग्रो टुरिजम” सञ्चालन गरेका छन्। फूलेका फूललाई सदुपयोग गर्न र टिकटक बनाउने स्थान बनाएर रमाइलो गर्ने ठाउँ बनाइदिएको साउदले बताए। ढकमक्क फूलेका फूलले बारी मनमोहक देखिएको छ। तिहार सकिए पनि फूल ढपक्क फूलेका छन्। टिकटक बनाउन आउनेलाई फोटो खिच्ने ठाउँ गजबको भएको छ। घोराही-धारापानी सडक खण्ड पर्ने सो स्थानमा बाटो हिँड्ने बटुवा सबैको मन फूलले तान्ने गरेको छ।

(बाँकी पृष्ठ २ मा)

# शौक्षिक साम्रगी र भवन निर्माणका लागि ‘महायज्ञ’

बुटवल (बुटवल टुडे), २ मंसिर- आर्थिक संकलनका लागि बुटवल उपमहानगरपालिकाको वडा नं. ४ मा रहेका लक्ष्मी माध्यमिक विद्यालयमा श्रीमद भागवत सत्संग एवं शैक्षिक तथा धार्मिक महोत्सव २०८२ को आयोजना गर्न थालेको मंगलबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णु माया श्रेष्ठले विद्यालयलाई आधुनिक विद्यालयहरूसँगको प्रतिस्पर्धाका लागि आफूहरूले महायक्ष गर्न थालेको बताईन। उनले राम्रा शौक्षिक साम्रगी र भवन निर्माणका लागि विद्यालयलाई आर्थिक अभाव रहेका भन्दै यो महायज्ञको अभियान शुरु गरेको जानकारी दिईन।

अध्यक्ष श्रेष्ठले विद्यालयलाई प्रविधिमैत्री बनाउनु आजको आवश्यकता रहेको र त्यसका लागि विद्यालयमा रकम अभाव छ। त्यसलाई पुरा गर्नका लागि शौक्षिक क्षेत्रका व्यक्ति, समाजसेवी लगायतको सल्लाहमा आफूहरू अभियानमा लागेको बताईन। यस्ले विद्यार्थीहरूलाई पनि शिक्षासँगै संस्कार र धर्ममा लाग्न उत्प्रेरणा प्रदान हुने विद्यालयले अपेक्षा राखेको छ।

विद्यालयक प्रअ शन्ति शर्माले विद्यार्थीहरूलाई किताबी ज्ञानसाथै नैतिक शिक्षाको आवश्यकता रहेको भन्दै महायज्ञले संस्कार ग्रहण गर्न सहयोगी बन्ने अपेक्षा लिएको बताईन। उनले यहि मंसिर २० गतेदेखि २६ गते सम्म विद्यालय प्रांगढमा हुने महायज्ञमा करिब १२ लाख रुपियाँ खर्च हुने र श्रृद्धालु




भक्तजनहरूबाट करिब ३ देखि ४ करोडसम्म संकलन गर्ने लक्ष्य विद्यालयले लिएको जानकारी दिइन। यो अवधीमा सम्पूर्ण विद्यार्थीहरूको अध्यन्न नभए पनि महायज्ञमा सहभागी भएर ज्ञान आर्जन गर्ने भएकाले यज्ञलाई शौक्षिक तथा धार्मिक महोत्सवको नामाकरण गरिएको बताईन। यो अवधिमा नभएको अध्यननलाई यो वर्षको शौक्षिक भ्रमण र वर्षा विदामा समेटेर अध्यन्न गराउने जानकारी दिईन।

पत्रकार सम्मेलनमा प्रचारप्रसार समिति संयोजक डा. बालकृष्ण चापागाईले ईतिहास बोकेको विद्यालय लक्ष्मी मावि भएपनि आर्थिक रूपमा सबल हुन नसक्दा पछि परेको बताए। त्यसलाई अरू विद्यालयसँग प्रतिस्पर्धी बनाउनका लागि आर्थिक संकलन गर्न थालिएको भन्दै विद्यालयमा दान गर्ने पवित्र कार्यमा सबैले योगदान गर्न आग्रह गरे।

बुटवल उपमहानगरपालिका वडा नं ४का वडा अध्यक्ष नरेश्वर शर्माले विद्यालयले गर्न थालेको पुन्य काममा वडाको सकारात्मक साथ रहेको र वडा भित्र पहिलो पटक हुन लागकाले पनि महायज्ञ सोच भन्दा राम्रो हुने बताए। कार्यक्रममा वडा नं. ४ का पूर्व वडा अध्यक्ष टैक पराजुलीले विद्यालयको एक दुई वर्षको नतिजाले सबै उत्साहित बनाएको भन्दै अब जसरी पनि प्रविधिमैत्री विद्यालय बनाउन सबै लाग्नुपर्ने बताए। लक्ष्मीमा बीमा अहिले १७ शिक्षक र २ सय १६ विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। महायज्ञमा चर्चित कथाबाचक चन्द्रकान्त काफ्ले र लोकानन्द गुरुले कथा बाचन गर्ने छन्। महायक्ष सफल पार्नका लागि विद्यालयलले १ सय ५१ ज्नाको समिति र २६ उपसमिति बनाएर काम शुरु गरिसकेको छ।

बुटवल पब्लिकेशन प्रा. लि.

## सम्पादकीय

# राष्ट्रिय कर सप्ताह
# कर तिर्ने सहज वातावरण बनाउ

*राष्ट्रिय कर सप्ताह दिवस सोमबारदेखि सुरु भएको छ। कर तिर्ने नागरिकले सास्ती पाउने मुलुकको सूचिमा नेपालको पहिचान अग्रस्थानमा छ। कर तिर्ने नागरिकलाई राज्यले सम्मान गर्नुपर्नेमा उल्टो अपमान गर्ने गरेको छ। नेपालमा बर्षौंदेखि कायम यो बेथिती विरुद्ध कोहीपनि बोल्ने आँटसम्म नगर्नु चिन्ताको कुरा हो। नागरिकले अहिले पनि ठूलो सास्ती पाउने गरेका छन्। २०४६ सालपछि जनताले अव त जनताको शासन आएको अनुभूति गरेका थिए तर उल्टो भयो। नागरिकले राहत होइन सास्ती पाउँदै गए। मालपोत, यातायात, नापी कार्यालय, कर कार्यालय, नागरिकता लिन र राष्ट्रिय परिचयपत्रका लागि अहिलेपनि तालुक अड्डामा लाईन बस्नुपर्ने बाध्यता छ। त्यसमाथि कर तिर्ने कार्यालयमा त नागरिकले सेवा होइन आहत पाउने अवस्था छ। कर कार्यालयका हाकिमदेखि डराउनुपर्ने अवस्थाको देशका हामी नागरिक हुनुको विडम्वना मुलुकले अहिलेपनि भोगिरहेको छ। बर्षमा एक दिन कर सप्ताहको अवसरमा करको विषयमा बखान गर्ने बाहेक कर प्रणालीमा सुधार भएको छैन। न त करदाता सेवाग्राहीलाई सम्मान छ। कर प्रणालीमा आधुनिकीकरण, करदाताको कर सहभागिता लागत घटाउने, प्रविधिमैत्री जनशक्ति विकास गरेर कर तिर्ने बानीको विकास गर्ने उद्देश्यले हरेक बर्ष मनाईने कर सप्ताह दिवस अहिलेसम्म औपचारिकतामै सीमित हुने गरेको छ। करको दायरा विस्तार गर्न, करदातामैत्री वातावरण सिर्जना गर्ने, करदाता सेवाको गुणस्तरमा वृद्धि गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर छली र चुहावट रोक्ने लगायतका कार्यमा थप सक्रियताबाट मात्रै कर दिवस मनाउनुको औचित्य पुष्टी हुन्छ। २०४६ सालयता भने यो नारा केवल औपचारिक मात्रै बन्दै आएको छ। अर्थमन्त्री रामेश्वर खनालले उद्योगी व्यवसायीलाई आततायी बनाउने केही कर कार्यालय खारेज गर्ने घोषणा गरेका छन्। यो निर्णय स्वागतयोग्य छ। वास्तवमै नेपालको कर संकलन प्रणाली धेरै पुरानो भैसकेको धेरै गुनासो आउने गरेको छ। यसमा आधुनिकीकरण गर्ने र कर संकलन प्रक्रिया सरलीकरण गर्नेतर्फ सरकारले पहल नलिएसम्म सुधारको आशा गर्नु ब्यर्थ हो। अर्थमन्त्री खनालले अहिलेकै सामान्य प्रणालीबाट कार्यसम्पादन गरेर राजस्वको लक्ष्य भेट्न सम्भव नभएको भन्दै कर प्रशासनमा व्यापक सुधार आवश्यक रहेको बताएका छन्। वास्तवमा अव सरकारले नसोच्ने हो भने सरकारको कर प्रशासन लथालिंग हुनेमात्रै होइन, कर संकलनमा समेत ठूलो गिरावट आएर मुलुकले नोक्सानी चुकाउनु पर्ने अवस्था आउनसक्छ। अवको दिनमा करको दायरा विस्तार गर्ने, करदातामैत्री वातावरण सिर्जना गर्ने, करदाता सेवाको गुणस्तरमा वृद्धि गर्ने, कर छली नियन्त्रणलगायतका कार्यमा थप सक्रियता अपनाउनेतर्फ ध्यान जाओस्। पछिल्लोसमय सार्वजनिक ऋण र खर्च बढिरहेकाले आन्तरिक स्रोत परिचालन गर्नुपर्ने हुँदा राजस्व सङ्कलन लक्ष्य अनुसार बढाउँदै जानुपर्ने चुनौती छ। नेपालको कर संकलन प्रणाली भुत्ते खालको छ। सूचना प्रविधिको प्रयोगमा विस्तार तथा त्यसको गुणस्तरीयता र दिगोपन कायम गर्दै समय र लागत न्यून हुने गरी सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने आवश्यकता छ।*

*अवको दिनमा नीजि क्षेत्रको आत्मविश्वास बढाउन र लगानीमैत्री वातावरण बनाउन सरकारको ध्यान जानुपर्ने अवको आवश्यकता हो। तसर्थ अवको दिनमा करमैत्री वातावरण सिर्जना गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ। यी सवै चुनौतिको सामना सरकार र निजी क्षेत्र मिलेर गर्नुको विकल्प छैन। निश्चितरूपमा करप्रतिको सचेतना बढाउन पनि यो दिवसले सघाउ पुऱ्याउँछ तर यसलाई करदाताको पहुँचसम्म पुऱ्याउनु जरुरी छ। आगामी दिनमा करको दायरामा विस्तार गर्नुका साथै सम्बन्धित निकायलाई कर प्रशासनप्रति जिम्मेवार र जवाफदेही बनाउनु जरुरी छ। सरकारको ध्यान पुगोस्।*

# लहरो तान्दा पहरो गर्जने त होइन ?



**पदमप्रसाद शर्मा**

रामायणको कथामा सीताहरण गर्नुभन्दा पहिले राम वनावास गएको सयममा जहाँ कुटी बनाएर बसेको थिए, त्यही स्थानमा रामलाई छकाउनका लागि रावणले मारिचलाई सुनौलो मृगको भेषमा पठाएको थियो। रामको कुटीकै नजिकमा मारिच मृगको रूपधारण गरेर गयो। त्यतिवेला सीताले पूजाका निम्ति बाटिकामा पुष्पहरू टिप्दै थिइन। सुनौलो मृग देखेपछि सीताले मृगलाई छोपेर आफ्नो कुटीमा ल्याउन रामलाई आग्रह गरिन। रामले आनाकानी गरे तर सीताले अति जिद्दी गरेका कारणले धनुवाण लिएर राम बाटिकामा गए। सुनौलो मृग रामलाई छकाउँदै केही टाढा पुग्यो। तर सीताको आग्रहका कारणले उनीले पिछा गर्न छोडेनन्। सीताको जिद्दी देखेर रामले भाई लक्ष्मणलाई सीतालाई छोडेर कतै नजान भनेका थिए तर उता जहाँ रामले सुनौलो मृगलाई वाण हाने मारिचले निकै ठूलो स्वरले लक्ष्मण भनेर आवाज दियो। त्यो आवाज कुटीसम्म आइपुग्दा सीताले रामको जस्तो सुनिन्। उनले लक्ष्मणलाई दाजुले बोलाएको खवर दिइन तर लक्ष्मणले पत्याएनन्। सीताले अलिक जोडले दाजुको सहायताको लागि जान दवाव दिइन। लक्ष्मणले त्यो दवाव पनि टेरेनन्। अन्तमा सीताले लक्ष्मणलाई यसरी वाध्य बनाइन। उनी दाजुको आज्ञा उल्लंघन गर्न वाध्य भए। लक्ष्मण दाजुको सहायताको लागि जानु भन्दा पहिले कुटीको आँगनमा एउटा घेरा लगाए। त्यही घेरालाई आजसम्म पनि लक्ष्मण रेखा भनिन्छ। त्यो घेरा यति शक्तिको थियो कि जो कसैले पनि घेरा नाघेर अगाडि बढने चेष्टा गऱ्यो भने त्यसबाट उ तत्काल भष्म हुन सक्थ्यो। लक्ष्मणले सीतालाई घेरा नाघेर बाहिर नआउन आज्ञा दिए। तत्क्षण उनको आँगनमा एउटा सन्यासी आयो र अलख जगायो। सीता भिक्षाका लागि कुटी भित्र पसिन। त्यही समयमा छद्य भेषमा आएको सन्यासीले भित्र जाने प्रयास गऱ्यो तर लक्ष्मण रेखाबाट तत्काल आगाको लप्का आयो। उ बाहिर उभियो। सीताले कुटीभित्र पसेर भिक्षा ल्याइन। रावण रेखा नाघेर सीताको सामुमा जान सकेन उसले भन्यो- "भिक्षा दिने भए यहीं ल्याएर देउ।" सीताले मानिनन्। रावणले फेरी भन्यो "यहाँ आएर भिक्षा दिइनौं भने तिमीलाई श्राप दिनेछु।" श्रापको डरले सीता रेखा नाघेर बाहिर आइन। रावणले भिक्षा समाएन, सीताको हात समायो अनि तत्काल कुटीको आँगनबाट बाहिर लगेर विमानमा बसाल्यो। यो रामायणमा रहेको एउटा रोचक कथा हो।

रावणले सीतालाई अपहरण गरेर विमानमा बसाल्दासम्म पनि राम र लक्ष्मण दुबै दाज भाई कुटीमा आइपुगेका थिएनन्। विमानमा उ पहिले एक्लै थियो। सीता अपहरण गरेर सीतालाई साथै लिएर विमान लङ्कातिर उडायो। विमान ओझेल परेपछि दुबै दाजुभाइ कुटीमा आए। उनीहरू आउँदा रावणले सीतालाई लिएर टाढा पुगिसकेको थियो। लङ्कामा लगेर रावणले सीतालाई आफ्नो दरवारमा लगेन अशोक बाटिकामा लगेर राख्यो। यता केही समयपछि दुबै दाजुभाई कुटीमा आइपुगे। कुटी सुनासान थियो। चारैतिर खोजे सीताको कतै पत्तो लागेन। रामले लक्ष्मणलाई सीतालाई एक्लै छोड्नुको कारण सोधे। भाउजुले अति दवाव दिएका कारणले रेखा भित्र बस्न आग्रह गर्दै आफू बाटिकातिर निस्कन वाध्य भएको जानकारी दिए। घटना घटी सक्यो। अव बाँकी विलापमात्र थियो। दुबै दाजु भाइ विलाप गर्दै सीताको खोजीमा निस्किए। सितालाई सात समुद्र पार गराएर लङ्का लगिसकेको थियो।

> लङ्काको रावणले सीता अपहरण गरेका कारणले सबै भाइ छोरासंगै आफूलाई समेत गुमाएको थियो । नेपालका रावणले कम्तिमा जेल जीवन विताउन वाध्य भएका छन् र हुँदैछन् । लक्ष्मणरेखा उल्लंघन गरेकै कारणले केही रावणहरूको साँसद पद निलम्वनमा पर्न गएको थियो । कतिले अहिले पनि तारेख बोक्दैछन् र मुद्दा खेप्दैछन् ।

कथा आफैमा रोचक छ। यहाँ कुरा दुईवटा मात्र छन् एउटा लक्ष्मण रेखा र अर्को सीताजीको जिद्दी। सीताले सुनौलो मृग छोप्न जिद्दी गर्नु अनि दाजुको सहायताको लागि लक्ष्मणलाई कुटी छोडेर जान जिद्दी गर्नु। सुनौलो मृग छोप्न नपठाएको भएपनि सीतालाई अपहरणमा पर्नु पर्ने थिएन। अनि लक्ष्मणरेखा पार गरेर बाहिर नआएको भए पनि उनी सुरक्षित रहन्थिन। यी दुबै कारणले गर्दा सिता रावणको हातमा परिन। अन्तमा रावणले अपहरण गरेर लगेको श्रीमती रामले स्याहारे भन्ने अभियोग लागेर रामले सीतालाई बाल्मिकी आश्रममा लगेर छोडनु पऱ्यो। उनी बाल्मिकी आश्रममा रहँदासम्म सीताको नामले नभएर वनदेवीको नामले चिनिन थालिन। यस्ता लक्ष्मण रेखाहरू जहाँ पनि हुन्छन्। लक्ष्मण रेखा वनवासमा गएको समयमा लक्ष्मणले कोरेको रेखा मात्र नभएर विभिन्न स्थानमा कोरिएका हुन्छन्। त्यो रेखा कसैले देख्छ कसैले देख्दैन। जसले देख्छ त्यसले त्यो उलंघन गर्ने चेष्टा गर्दैन। रावणको स्थानमा अरू कोही हुन्थ्यो भने सायद त्यो लक्ष्मण रेखा देख्ने थिएन वा त्यसको वेवास्ता गरेर अगाडि बढने प्रयार गर्ने थियो कि ? रावण राक्षस कुलको थियो तर उसको क्षमता अदभूत भएको वताइन्छ। त्यही क्षमताका कारणले उसले सीतालाई श्राप दिने वहानामा भए पनि त्यो रेखा पार गरेर बाहिर आउन बाध्य बनायो।

सिधा अर्थमा भन्दा लक्ष्मण रेखा एउटा नियम हो, कानुन हो। लक्ष्मण रेखालाई उल्लंघन गर्दा जुन सजाय मिल्दथ्यो नियम उल्लंघन गर्दा मिल्ने सजाय पनि उस्तै हो। कसैले देखेको छैन भनेर निमय उल्लंघन गरे पनि कतै न कतैबाट त्यो खुल्न जान्छ अनि एकदिन न एकदिन त्यो खुलासा हुन्छ। नेपालमा लक्ष्मण रेखाहरू धेरै छन् कतिपयले पहिलेदेखि उल्लंघन गरियो अव के हुन्छ र भन्ने विचारले आफूलाई अराजक बनाउँदै लगे त्यसको परिणाम उनीहरूले मानव तस्करीसम्म गर्न पुगे। सामान्य नागरिक ठग्नु र राज्यको ढुकुटी रित्याउने कुरा समान्य भए। त्यतिले नपुग्ने भएपछि मानव तस्करीमा लागेका हुन्। त्यत्तिले पुगेन अनि उनदेखि सुनसम्म ओसार्नेलाई सघाउन लागेका हुन्। आफूले जहाँ जे गरे पनि छुट हुन्छ भन्ने गलत विचारले मनमा लागेका काम कुरा मात्र नभएर बोली वचन समेत अभिव्यक्त गर्न लागेका हुन। दायाँ पनि आफ्नै बायाँ पनि आफ्नै अनि लक्ष्मण रेखा उल्लंघन नगरे के गर्ने त ?

लक्ष्मण रेखाको रेखा अब कोरिन लागेको छ। आफूलाई कानून भन्दा माथिको ठान्नेहरू पनि रेखाको दायरामा पस्न पस्न लागको छन्। दुईचार दिनभित्र लहरो तान्दै गर्दा पहरो गर्जने सम्भावना बढेर आएको छ। लक्ष्मण रेखा उल्लंघन गरेर लङ्काका रावणले अर्काकी श्रीमती सीतालाई अपहरण गर्न पुगेको थियो। नेपालका रावणहरूले पनि आफ्नै श्रीमती घरमा हुँदाहुँदै अर्काकी श्रीमती माथी हातपात गर्न पुगेका थिए। लङ्काको रावणले सीता अपहरण गरेका कारणले सबै भाइ छोरासंगै आफूलाई समेत गुमाएको थियो। नेपालका रावणले कम्तिमा जेल जीवन विताउन वाध्य भएका छन् र हुँदैछन्। लक्ष्मणरेखा उल्लंघन गरेकै कारणले केही रावणहरूको साँसद पद निलम्वनमा पर्न गएको थियो। कतिले अहिले पनि तारेख बोक्दैछन् र मुद्दा खेप्दैछन्। कतिपय ठाउँमा कोरिएका लक्ष्मण रेखा पुराना भइसकेका छन् अव छिटै नयाँ लक्ष्मणरेखा कोर्नुपर्ने भएको छ। अब छिटै नयाँ लक्ष्मण रेखा कोरिने छन् र उल्लंघन गर्नेहरूलाई उनीहरूको अपराधको आधारमा आवश्यक दण्ड आफै मिल्ने छ। लामो प्रतीक्षा पछिको नागरिकको चाहना पूरा हुने छ। आम नागरिक यसकै प्रतीक्षामा रहेका छन्। यो वर्तमान समयको तात्तातो आवश्यकता समेत हो।

## बाँके...

'नाइट स्टे' मा विदेशीको चासो देखेर स्थानीय व्यवसायी उत्साहित भएकाछन्। पूर्वाधार विस्तारसँगै निजी क्षेत्र पनि सक्रिय हुँदै गएको छ। बाँके, होटल तथा होमस्टे व्यवसायीहरूले आफ्ना पाहुनालाई नियमित सफारी गराउँदै आएका छन्। नाटा बाँके च्याप्टरका निवर्तमान अध्यक्ष श्रीराम सिग्देल भन्छन्, –'नेपालगन्ज र कोहलपुर नजिकै भएको बाँके राष्ट्रिय निकुञ्जले पर्यटकलाई सहज सफारी दिन्छ। अब यसको महत्व अझै व्यापक रूपमा प्रचार-प्रसार गर्नुपर्छ।'

नेपालगन्ज मेडिकल कलेजका सञ्चालक डा. सुरेशकुमार कनोडिया पनि 'बाँके राष्ट्रिय निकुञ्जको हस्पिटालिटी उत्कृष्ट बन्दै गएको बताउँछन्। पहिलो पटक सफारी अनुभव गरेका नेपालगञ्जका ब्यवसायी नन्दलाल अग्रवाल निकुञ्जभित्र मचान, पोखरी, घाँसे मैदान देख्दा दंग परेको अनुभव सुनाउँछन्।

गाभर भ्याली र मिनी-गाभर सामुदायिक होमस्टेले सफारी जिप र नाइट-स्टे प्याकेज सञ्चालनमा ल्याइसकेका छन्। मिनी-गाभर सामुदायिक होमस्टेका सञ्चालक बाबुराम चौधरी भन्छन् – 'चार घण्टा र आठ घण्टाका सफारी प्याकेजसँगै जंगल-नाइट स्टेका छुट्टै प्याकेज छ।

अमेरिकी पर्यटकलाई करेली मचानमा नाइट स्टे गराएको छु–विदेशी पाहुनालाई नाइट स्टे निकै मन पर्छ।' विहान बेलुकाको समयमा पाटे बाघ, चौका, निल गाई, रतुवा लगायतका धेरै थरीका जनावार सहजै देख्न सकिनेभएकाले बिदेशी पर्यटकहरू नाईट स्टे नै रुचाउने गरेको उनले बताए। उनका अनुसार मिनी-गाभरमा एकैपटक १०० पाहुना बस्न सक्ने क्षमता छ। नेपालगन्ज, कोहलपुर, सुर्खेत, दाङ, काठमाडौंदेखि भारतका पाहुना पनि यहाँ आउने क्रम बढ्दो छ।

बैजनाथका गैससकर्मी धर्मलाल रोकाय भन्छन् 'निकुञ्जले पूर्वाधार बनाइदियो, अब सरकार र निजी क्षेत्र मिलेर पर्यटन प्रवर्द्धनमा लाग्नुपर्छ।'

निकुञ्जसँग जोडिएका कोहलपुर, राप्ती सोनारी, बैजनाथका स्थानीय अगुवाले पनि निकुञ्ज-केन्द्रित पर्यटन अभियान चलाउनुपर्ने सुझाव दिएका छन्। बाँके राष्ट्रिय निकुञ्ज अब जंगल सफारीको मात्र गन्तव्य नभई, सुरक्षित नाइट-स्टे सहितको पूर्ण साहसिक पर्यटन आकर्षण बनेको छ। निकुञ्जले सुरक्षा, अवलोकन पूर्वाधार, रात्रीबसोवास संरचना र मार्गदर्शन सबै उपलब्ध गराएपछि विदेशी तथा स्वदेशी दुबै पर्यटक यहाँ टिकेर घुम्न, बुझ्न र अनुभूति लिन उत्साहित देखिन थालेका छन्।

## फूल...

तिहार सकियो, फूलको सदुपयोग गरौं भनेर यस्तो सोचाइ गरेको उनले बताए। पाँचलाख लगानी गरेर फूल खेती गरेको यसपाली तिहारमा १२ लाखको फूल बिक्री गरेको उनले बताए। गत वर्षभन्दा यो वर्ष राम्रो आम्दानी भयो। तिहारमा फूल प्रतिकिलो ३५० देखि आठ सय सम्ममा बिक्री गरेको उनले बताए।

दाङको फूल काठमाडौं, बुटवल, धरान, इटहरी, सर्लाही, कपिलवस्तु, पोखरा र दाङमा बिक्री भएको भाष्कर पंगेनीले बताए। युवालाई कृषिमा आत्मनिर्भर बनाउन स्थानीय, प्रदेश र संघीय सरकारले कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन सुझाव दिएका छन्। स्वदेशी उत्पादनलाई बिक्रीगर्न सहयोग गर्नुपर्ने धारणा राखेका छन्। स्वदेशमै फूलमा आत्मनिर्भर बनाउने उद्देश्यले एक लाख आठ हजारको फूलको बीऊ किनेर खेती सुरु गरेको उनले बताए। एक सय ८ युवालाई कृषि उधमी बनाउने तथा रोजगार प्रदान गर्ने अभियान अन्तर्गत देशव्यापीरूपमा युवालाई कृषिमा सहभागी हुन पङ्गेनीले आह्वान गरेका छन्।


**कृष्णनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कृष्णनगर, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

(प्रकाशित मितिः२०८२।०८।०३)

यस कृष्णनगर नगरपालिकाको लागि संघीय सरकारद्वारा बिशेष अनुदान तर्फ यस नगरपालिकाको लागि फुसको छाना विस्थापन कार्य (Contract Number KNM/NCB/GOODS-02/2082/83) का लागि मिति २०८२/०४/१४ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार अनुसार रितपुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक मुल्यांकन गर्दा सफल भएका तपशिलका बोलपत्रदाताहरूको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८२।०८।१० गते दिउसो ठिक १:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमामा खोल्ने भएकोले, सार्बजनिक खरिद नियमावलीको नियम ३१(ङ) को उपनियम (५) बमोजी को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

तपशिल

| S. N | Contact ID | Description Of Work | Technical Proposal Successful Bidder | Remarks |
|---|---|---|---|---|
| १ | Contract Number KNM/NCB/ GOODS-02/2082/83 | Phusko Chhana Visthapan karyakram (Procurement of Jastapa, NS Black Pipe and other assoceries | 1. Hulas Steel Kathmandu Kathmandu Kathmandu phone:9851101937 | |

प्रमुख प्रशासकीय अधिकृत



# Maharajganj Municipality
## Office of Municipal Executive
### Kapilvastu, Lumbini Province

**INVITATION FOR Sealed Quotation**

**Publication Date: 2025-11-18**

Maharajganj Municipality invites electronic bids from eligible bidders under Sealed quotations for following works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Estimated Amount Exclusive of VAT and Contingincies (Nrs) | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| **Second Notice** | | | | | | | | |
| 1. | 1-MM/KPIL/RD/ Works/SQL/082/083 | Aorahawa Transformer Dekhi Paschim Kulo Samma Sadak Staronati | 45/75days | 29000 | 1000 | 1,034,782.53 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |
| 2. | 2-MM/KPIL/RD/ Works/SQL/082/083 | Unwaliya Chauk Dhekhi Semrahana Semari Vidhayalye Samma Sadak ko Dhaya Baya Mato Patan | 45/75days | 32000 | 1000 | 1,290,856.79 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |
| **First Notice** | | | | | | | | |
| 1. | 3-MM/KPIL/RD/SQ/ Works/082/083 | Kanchanpur Gaun Dhekhi Culvert Samma Sadak Stharunnati | 45/75days | 35000 | 1000 | 1,289,403.27 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |
| 2. | 4-MM/KPIL/RD/SQ/ Works/082/083 | Bargadi Gaun Dhekhi Paschim Jamuni Pipari Sadak Samma Sadak Stharunnati | 45/75days | 35000 | 1000 | 1,034,270.71 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |
| 3. | 5-MM/KPIL/RD/SQ/ Works/082/083 | Maharajganj Nagarpalika ward no.2 Bhadra Ma. Vi. Padariya Dhekhi Kalimandir jaane Bato Stharunnati | 45/75days | 48000 | 1000 | 1,723,192.21 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |
| 4. | 6-MM/KPIL/RD/SQ/ Works/082/083 | Hulaki Dhekhi Ganwariya Kharahawa Sadak Stharunnati | 45/75days | 35000 | 1000 | 1,293,294.12 | 4-12-2025 till 12:00 Hrs | 4-12-2025 till 12:15 Hrs |

| | |
|---|---|
| Account No. for bid document purchase fee: | Name of the Bank: NIC Asia Bank Ltd..<br>Name of the Office: Maharajganj Municipality<br>Office Account no: 1592050027909017 |
| Account No. for bid security deposit: | Bank Name: NIC Asia Bank Ltd..<br>Bank Address: Imiliya, Buddhabhumi Municipality, Kapilvastu<br>Office Name: Maharajganj Municipality<br>Account Number: 1592050524885012 |

Notice :All provisions of this notice will be consistent with PPA 2063, PPR 2064 clause 49ka and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**

# सातौं लुम्बिनी महोत्सव-२०८२ को तयारी पुरा

भैरहवा (बुटवल टुडे), २ मंसिर- “स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्द्धन गरी, स्वदेशी वस्तुको प्रयोग गरी स्वाभिमानी नेपालीको पहिचान बनाऔं।” भन्ने मूल नाराका साथ चेम्बर अफ कमर्स, रूपन्देहीले गर्ने सातौं लुम्बिनी महोत्सव-२०८२ (उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धन) को तयारी पुरा भएको छ।



मंगलबार भैरहवामा पत्रकार सम्मेलनको आयोजना गरि आयोजकले तयारी बारे जानकारी गराएका छन्। मंसिर ३ गतेदेखि मंसिर २१ गतेसम्म सिद्धार्थनगर नगरपालिका-८, अञ्चलपुर, भैरहवामा सञ्चालन हुने महोत्सवको ९० प्रतिशत तयारी पुरा भएको र उद्घाटन अघि शत प्रतिशत तयारी हुने चेम्बर अफ कमर्स, रूपन्देहीका अध्यक्ष सचिन रोक्काले जानकारी दिए।

यसपटकको महोत्सवमा मुख्य आकर्षणहरू नेपालमै पहिलो पटक भियतनामबाट ल्याइएको “जलपरी” को प्रदर्शन मुख्य आकर्षणको रूपमा रहने रोक्काले जानकारी दिए। जलपरी, फिस टनेल, आईफिल टावर सहितको बालउद्यान, विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति रहने उनले बताए।

सुरुमा २५० स्टल रहने जनाए पनि आयोजकले ३५० बढी स्टल तयार गरेको जनाएका छन्। स्टल व्यवस्थापन समितिका संयोजक समेत रहेका संस्थाका वरिष्ठ उपाध्यक्ष राममिलन यादवले स्टल मागको चाप थेग्न नसकेको कारण संख्या बढाईएको जानकारी दिए। उनले यस पटक कृषि, संघसंस्था, उद्योग, व्यपार, सचेतनामूलक, खाद्यन्न लगायतका स्टलहरूले महोत्सव स्थलमा दर्ता गराएको बताए।

यो पटक प्रदर्शनीमेलाको टिकट दरमा वृद्धि गरिएको छ। मेलाको टिकट सर्वसाधारणको लागि १५० रूपैयाँ तोकिएको छ। विद्यार्थी सहुलियत ८० रूपैया, समूहगत विद्यालय विद्यार्थीलाई ५० रूपैया, अपाङ्गता भएका व्याक्ति र ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई ५० रूपैया र ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई प्रवेश निःशुल्क गरिएको छ। टिकट विगतका वर्षहरू भन्दा थोरै महङ्गो रहे तापनि जलपरी र फिस टनेल को अवलोकन निःशुल्क रहने आयोजकले बताए।

मूलतः उद्योग, व्यापार, कृषि र पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्य सहित महोत्सवको आयोजना गरिएको चेम्बर अफ कमर्श रूपन्देहीका अध्यक्ष सचिन रोक्काको भनाई छ।

“उद्योग र व्यापारको प्रोत्साहन गरी परनिर्भर अर्थतन्त्रलाई कम गर्ने, लुम्बिनी क्षेत्रका पर्यटकीयस्थलको विकास गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन हुने लक्ष्य राखेका छौं। रोक्काले भने “यसले उत्पादक र उपभोक्ताबीच समन्वय गराई स्थानीय वस्तुको बजार व्यवस्थापनमा सहयोग गर्नेर कृषिलाई वैज्ञानिक तथा व्यवसायीकरण गर्न सहयोग पुऱ्याउने छ।”

उनले महोत्सवले रूपन्देही जिल्लाका कृषि उपज तथा हस्तकला सामग्रीको प्रदर्शनी र बजार विस्तार गर्न, लुम्बिनी, देवदह, तिलौराकोट, रामग्राम लगायतका पर्यटकीय स्थलहरूको प्रचार-प्रसार गर्ने र रोजगारीको सिर्जना समेत हुने बताए।

चेम्बर अफ कमर्स, रूपन्देही (उद्योग व्यापार संगठन, रूपन्देही)को आयोजनामा हुने महोत्सवको संरक्षक सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालय रहेको छ।

# क्रमटनको दशैं तिहारको लक्की ड्र विजेता घोषणा




बुटवल (बुटवल टुडे), २ मंसिर- सिजि ईलेक्ट्रोनिक्सले आयोजना गरेको दशैं तिहार ठूलो हर्ष अभियान अर्न्तगत --तिहारको ठूलो हर्ष“ अभियान अन्तर्गत भाग्यशाली लकी ड्र को विजेताको घोषणा गरेको छ। जस अन्तर्गत क्रमटन मिक्स ग्रान्डर कृष्ण मल्लले जितेका छन्। क्रमन्टन ब्रान्ड भारतको विश्वासिलो ब्रान्ड भएको दाबी कम्पनीको छ। नेपालमा सिजी ईलेक्टोनिक्सले कन्ज्युमर डुराबल्स र होम अप्लायन्स वितरण गर्ने अग्रणी कम्पनी हो । यसले विश्वस्तरीय ब्राण्डहरूलाई नेपाली बजारमा सहज पहुँच दिलाउँदै आएको छ।

# पूर्वअध्यक्षहरूसँग छलफल कार्यक्रम

बुटवल (बुटवल टुडे), २ मंसिर- पाल्पाको तिनाउमा रहेका सामुदायिक वन उपभोक्ता समूहरूको छाता संगठन सामुदायिक वन समन्वय समिति, तिनाउ, पाल्पाले आफ्ना पूर्वअध्यक्षहरूसँग संस्थागत विकास, विगत र वर्तमानका गतिविधिहरू एवम् भविष्यको लक्ष्य तथा गोरेटो विषयमा छलफल कार्यक्रम दोभानमा मंगलवार सम्पन्न गरेको छ।



सो छलफल कार्यक्रममा पूर्वअध्यक्ष राजेश श्रेष्ठले वन, वातावरण र जैविक विविधता संरक्षणका लागि गहन भूमिका खेलेको समन्वय समितिले सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग निरन्तर हातेमालो गरि अघि बढ्नुपर्नेमा सुझाए। साथै उनले वर्तमानमा गैरसरकारी संस्थाहरूलाई सहयोग गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायको अभाव हुँदै गएको समेत औंल्याए।

स्थापना कालमा बढो मिहिनेत गरि अघि बढाईएको समन्वय समितिको ईतिहासलाई जोगाउनु पर्नेमा पूर्वअध्यक्ष दोलकराज कार्कीले जोड दिए। उनले वजेटविहीन कार्यक्रम समेत गरि संस्थालाई जीवित राख्नुपर्ने बताए।

सोही कार्यक्रममा पूर्वअध्यक्ष एवम् वातावरणीय कानूनका जानकार अधिवक्ता महेन्द्रप्रसाद पाण्डेयले वन, वातावरण र जैविक विविधता संरक्षणका क्षेत्रमा नयाँनयाँ मुद्दाहरू आईरहेका र त्यसका समाधानका लागि नयाँ खोज, अध्ययन र प्रविधिको खाँचो हुने बताए।२०७४ देखि स्थानीय सरकारले गैरसरकारी संस्थाहरू विकासका साँझेदार संस्था हुन् भन्ने कुरा बिर्सिएको बताए।

उक्त कार्यक्रममा निवर्तमान अध्यक्ष पदमलाल शाक्यले सामुदायिक वन उपभोक्ता समूहहरू नै संस्थाको मूल स्रोत भएकाले उनीहरूलाई नि साथ लिएर अघि बढ्नुपर्नेमा जोड दिए।

संस्थाका अध्यक्ष दलबहादुर गुरुङले संस्थाले विगतदेखि वर्तमानसम्म वन, वातावरण र जैविक विविधता संरक्षणमा गर्दै आएका कामहरू र भविष्यको गन्तव्यका विषयमा प्रकाश पारेका थिए। उनले संस्थाले वन उपभोक्ता समूहहरूको सुशासन र सशक्तीकरणका लागि खेल्दै आएको भूमिका र समुदायमा समन्वय समितिको महत्त्वका सन्दर्भमा प्रकाश पारेका थिए।

# जिल्ला प्रशासनको पहिलो सार्वजनिक सुनुवाई

सुनवल (बुटवल टुडे), २ - मंसिर- पश्चिम नवलपरासीमा नवआगन्तुक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन विभिन्न नयाँ अभ्यास संञ्चालन गर्ने क्रममा सार्वजनिक सुनुवाईको सुरुवात गरेका छन्। केही स्थानीय तहले बेलाबेलामा सार्वजनिक सुनुवाई गर्दै आएको भएपनि अन्य सरकारी सेवाप्रवाह गर्ने कार्यालयहरूले सार्वजनिक सुनवाई गर्दैनन्। तर नयाँ आएका प्रमुख जिल्ला अधिकारीले जिल्लाका सबै सेवाप्रवाह गर्ने सरकारी कार्यालयका प्रमुखलाई एकैठाउँमा भेला गराएर जनताको गुनासा सुनेका छन्। जिल्लामा पहिलो पटक भएको यस किसिमको कार्यक्रममा भुइँमान्छेको उपस्थिती कम भएपनी जनताले गुनासो राख्ने र तत्कालै सम्बोधन गर्ने थलोको



विकास भएको छ।

यो कार्यलाई राजनैतिक दल, समाजसेवी, सरोकारवालाहरू र आम नागरिकले राम्रो कामको सुरुवात भन्दै निरन्तरता दिन आग्रह गरेका छन्। मगंलबार रामग्राम नगरपालिकाको सभाहलमा भएको सार्वजनिक सुनुवाईमा विशेषगरी उद्योगहरूले फैलाएको प्रदूषण नियन्त्रण, मालपोत तथा नापी कार्यालयहरूबाट सेवाप्रवाहमा भईरहेको बिलम्ब, बिचौलियाको बिगबिगी, सूचना अधिकारीको प्रभावकारी व्यवस्थापन, सीमा क्षेत्रबाट हुने गरेको तस्करी नियन्त्रण, न्यायालयमा हुने घुसखोरी नियन्त्रण, करदाता सेवा कार्यालय यथावत राख्नुपर्ने लगायतका विषय उठेको छ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष धरेन्द्र यादवले यस क्षेत्रका उद्योगहरूले दादागिरी देखाएको बताउँदै प्रदूषणका कारण जनता समस्यामा परेको बताए।

**सार्वजनिक सुनुवाई कार्यक्रम समबन्धि सूचना**

अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका वडा नं. १२ मा रहेको धौलेटाकुरामा जीवा कुमारी थापा मगरको नाममा रहेको कित्ता नं. १०७० को जग्गा व्यस्थापन गर्ने र सो कार्य गर्दा निस्कने ढुङ्गा, माटो ढुवानी गरी लैजाने कार्य को लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्न लागिएको हुनाले, मिति २०८२/८/९ मंगलबार बिहान १०:०० बजे धौलेटाकुरामा स्थानिय सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

आयोजक

वाई. वि. कन्सट्रकसन

भैरहवा, रूपन्देही

मो. ९८५११८२४७२

**मिलेनियम पेपर इण्डष्ट्रिज प्रा. लि. द्वारा क्राफ्ट कागज र डुप्लेक्स कागज उत्पादन गर्ने उद्योग स्थापना तथा संचालन गर्नको लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

सूचना प्रकाशन मिति २०८२/०८/०२

सूचना प्रकाशित मितिः २०८२।०८।०३

रूपन्देही जिल्लाको ओमसतिया गाउँपालिका-०६ मा अवस्थित मिलेनियम पेपर इण्डष्ट्रिज प्रा.लि. द्वारा क्राफ्ट कागज र डुप्लेक्स कागज उत्पादन गर्ने उद्योग स्थापनाको लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी अध्ययन कार्य अन्तर्गत नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने भएकोले यस उद्योगबाट प्रभावित हुने स्थानीय बासिन्दा, सरोकारवाला व्यक्ति, संघ-संस्था, सम्बन्धित वडा प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य सरोकारवाला निकायहरूलाई तपशिल मिति, समय र स्थानमा हुने कार्यक्रममा उपस्थित भई राय, सुझाव तथा जिज्ञासाहरू राख्न अनुरोध गरिन्छ।

**तपशिल**

**मितिः** २०८२ साल मङ्सिर ४ गते बिहिबार

**समयः** ११:०० बजे

**स्थानः** मिलेनियम पेपर इण्डष्ट्रिज परिसर, ओमसतिया गाउँपालिका-०६, रूपन्देही

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| मिलेनियम पेपर इण्डष्ट्रिज प्रा.लि.<br>ठेगानाः ओमसतिया गाउँपालिका, वडा नं. ६,<br>रूपन्देही जिल्ला, लुम्बिनी प्रदेश<br>फोन नं.: +९७७ ९८५१०१९८६३<br>इमेलः agarwal441@gmail.com | ग्रिन साहारा कन्सलटिङ एण्ड कन्सट्रकस्न प्रा. लि.<br>ठेगानाः खैरहनी -०८, चितवन, बागमती प्रदेश<br>फोन नं.: +९७७ ९८५५०६१४७३<br>इमेलः greensahara22@gmail.com |

**तानसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तानसेन, पाल्पा**

सूचना प्रकाशित मितिः २०८२/०८/०३

मिति २०८२/०५/२२ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा E Bid मार्फत Two Stage two envelove विधिद्वारा सिलबन्दी बोलत्रहरू माग गरिएकोमा पर्न आएका बोलपत्रहरू प्राबिधिक पक्षमा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ४ बमोजिम प्राबिधिक प्रस्ताबमा सफल तपशिलमा उल्लेखित बोलत्रदाताहरूको आर्थिक प्रस्ताब तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र. सं. | आयोजनाको बिवरण | सफल बोलपत्रदाताको नाम, ठेगाना | आर्थिक प्रस्ताब खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|
| 1 | Construction And Beautification Works at Kamal Pokhari Contract No: TM/PLP/W/NCB/01/2082-083 | Harati/Ratna J.V. Bhaktapur, Nepal | मितिः २०८२/०८/१०<br>समयः दिनको १:०० बजे<br>स्थानः तानसेन नगरपालिका कार्यालय |
| 2 | | NARAYAN - MAMA J.V. | |
| 3 | | BANS/BNS/SA JV, Kathmandu, Nepal | |
| 4 | | Him Shrinkhala Nirman Sewa Pvt.ltd, PAKNAJOL.I6, KATHMANDU NEPAL | |

प्रमुख प्रशासकीय अधिकृत

**महाराजगंज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**महाराजगंज, कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मितिः २०८२।०८।०३

यस कार्यालयको तपशिल बमोजिम मिति २०८२/०५/२० मा बिद्युतीय मध्यमबाट निर्माण कार्य लागी राष्ट्रीय दैनिक पत्रिकामा सार्वजनिक सुचना मार्फत बोलपत्र आह्वान गरिएकोमा रित पुर्वक दर्ता हुन आएका तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका दरभाउपत्र न्युनतम मुल्यांकित तथा सारभुत रूपमा प्रभावकारी रहेका भनि बोलपत्र मुल्याकंन समितिबाट सिफरिस भै आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धितहरूको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७(सात) दिने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | सुचना प्रकाशित मिति | ठे.न. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 1 | 2082/05/20 | 05-MM/KPIL/MED/GOODS/082/083 | Adharbhut tatha Akasmik Sawastha Sewea ko Lagi Ausadhi Kharid | A One Pharma, Butwal | २,८९६,३१९.८८ |

प्रमुख प्रशासकीय अधिकृत

**देवचुली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

**कवाडी निकासी कर संकलनको लागि बोलपत्र आव्हानको सूचना**

सूचना प्रकाशित मिति: २०८२/०८/०३

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष ८२।८३ को (सम्झौता अवधि देखि असार सम्म) लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक भएका फर्म/ कम्पनीबाट (स्वयम घोषणा पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८२/०८३ सम्मको फर्म नवीकरण, आ.व. २०८१/८२ को आयकर चुक्ता प्रमाण पत्र सहित) यो सूचना प्रकाशित मितिले ३१ औ दिनको १२ बजे भित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारी कार्यालयको वेभसाईटमा प्रकाशित गरिएको छ ।

| सि. नं . | सुचना नं / बोलपत्र नं . | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम (मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी ) |
|---|---|---|---|---|---|
| १ | 02/DEV/NCB/IR/2082/83 | Procurement of collection of scrap export tax in Devchuli Municipality For F/Y 2082/83 | रु ८,४०,१२०। | बोलकबोल रकमको ५ प्रतिशत | रु ३,०००। |

प्रमुख प्रशासकिय अधिकृत

**Invitation for Bids**

**Aalital Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Bhimdattapur, Dadeldhura**

**Invitation for Bids No: ATLRM/NCB/WORKS/01/2082/083**

**Date of publication: 19th November 2025 (2082/08/03 B.S.)**

1. Aalital Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of Bhawar Lift Irrigation Project under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 17.80 Million
- Minimum Work experience of similar size and nature: 1 Project having value 9.5 Million Excluding VAT

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aalital Rural Municipality Office, Bhimdattapur, Dadeldhura, Email: info@aalitalmun.gov.np, Phone no. 9865785594 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

रु.जि.हु.का.द.नं.११/०६२/६३
रु.जि.प्र.का.द.नं.१२४/०६९/०७०
बुटवल टुडे

# जहाज डाइभर्ट हुँदा भैरहवा विमानस्थल प्रयोग हुने



भैरहवा (बुटवल टुडे), २ मंसिर- नेपाल वायुसेवा निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न कारणले अवतरण हुन नसकेका आफ्ना जहाजहरूलाई डाइभर्ट गर्दा अबदेखि भारतको विमानस्थलको सट्टा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा लाई आधार बनाउने महत्वपूर्ण निर्णय गरेको छ। नेपाल वायुसेवा निगमले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै यो जानकारी गराएको हो।

वैकल्पिक विमानस्थल २०८२ मंसिर ३ गते देखि लागु हुने गरी निगमका जहाजहरू कुनै पनि कारणले डाइभर्ट गर्नुपर्ने अवस्थामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवालाई वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गरिने निगमका प्रवक्ता अनिल घिमिरेद्वारा जारी विज्ञप्तीमा उल्लेख छ।

हाल डाइभर्टका लागि भारतका विमानस्थलहरू प्रयोग गर्दा ठूलो खर्च हुने गरेकोमा अब भैरहवालाई वैकल्पिक विमानस्थल बनाउँदा उल्लेखनीय खर्च कटौती हुने र समयको वचत हुने विश्वास निगमले लिएको छ। यसका साथै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई समेत वैकल्पिक विमानस्थल बनाई प्रयोग गर्नका लागि आवश्यक अध्ययनको प्रक्रिया थालनी गर्ने निर्णयसमेत भएको निगमका प्रवक्ता अनिल घिमिरेद्वारा जारी विज्ञप्तीमा जनाइएको छ।

निगमको यो निर्णयले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उपयोगिता बढाउनुका साथै राष्ट्रिय ध्वजावाहकको सञ्चालन खर्च घटाउन र उडान व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। निगमको यो निर्णयलाई यहाँका सरोकारवाला निकायले स्वागत गरेका छन्। सिद्धार्थ उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष समेत रहेका स्थानिय ठाकुर कुमार श्रेष्ठले नेपाल वायु सेवा निगमले भैरहवालाई विश्वास देखाउनु सकारात्मक रहेको र अब निगमले यसै विमानस्थललाई आधार बनाई उडान सुरु गर्न पनि आग्रह गरे।

नेपाल आउने अन्तर्राष्ट्रिय बिमानहरूले बिमान डाईभर्ट गर्नुपरे वा आकस्मिक अवतरण गराउनु परे नेपाली बिमानस्थल भन्दा नेपाल बाहिरकै बिमानस्थललाई प्राथमिकतामा राख्ने गरेको बारे यस अघि बुटवल टुडे राष्ट्रिय दैनिकमा समाचार प्रकाशन भएको थियो।

# एनसेल फाउन्डेसनद्वारा सामग्री वितरण गर्ने घोषण




बुटवल (बुटवल टुडे), २ कार्तिक- एनसेल फाउन्डेसनले यस वर्ष पनि आफ्नो व्यवसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल प्रिमियर लिग (एनपीएल) सिजन २ का खेलहरूमा हानिने प्रत्येक चौका वापत ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई ४ वटा शैक्षिक सामग्री प्रदान घोषणा गरेको छ।

गत वर्ष एनपीएलसँगको साझेदारी अन्तर्गत २,६१२ विद्यार्थीहरू लावान्वित भएकाले यस वर्ष पनि एनसेल फाउन्डेसनले यो साझेदारीलाई निरन्तरता दिएको हो। गत वर्ष एनपीएलका खेलहरूमा कुल ६५३ चौका हानिएका थिए। क्रिकेटको रोमाञ्चकता शिक्षासँग जोडिएको यो कार्यक्रमका २,६१२ सहित एनसेलले देशभरका ९,००० भन्दा बढी विद्याथीहरूलाई शैक्षिक सामग्री वितरण गरिसकेको छ। क्रिकेटदेखि कक्षाकोठासम्मको यस नवीन पहलले विद्यार्थीहरूको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने र शिक्षालाई प्रवर्द्धन गर्दै उज्ज्वल भविष्यका लागि अवसरहरूको ढोका खोल्न मद्दत पुऱ्याउने विश्वास लिएको छ।

विद्यार्थीहरूले प्राप्त गर्ने प्रत्येक शैक्षिक सामग्रीमा आवश्यक शैक्षिक सामग्रीहरू जस्तै स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायतका स्टेसनरी सामान समावेश हुन्छन्। यसले स्रोतको अभाव घटाउन सहयोग गर्नेछ र विद्यार्थीहरूको पठनपाठनमा योगदान गर्नेछ।

# बुटवल कम्प्युटरमा सम्मान सहित बधाई



बुटवल (बुटवल टुडे), २ मंसिर- बुटवल कम्प्युटर इन्स्टिच्युटले सुरक्षा सेवा तयारी कक्षामा सहभागी भई नेपाल प्रहरी र नेपाली सेनामा सफल भएका विद्यार्थीहरूलाई मंगलबार सम्मान गरेको छ।

बुटवल-३ गोलपार्कस्थित बिसिआईको सभाहलमा आयोजित कार्यक्रममा नेपाल प्रहरीमा सफल ५४ जना र नेपाली सेनामा सफल ६५ जना गरी कुल ११९ जना विद्यार्थीलाई टीका लगाएर मायाको चिनो सहित सम्मान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रहरी नायव उपरीक्षक (डियसपि) मेघराज कडेलले सुरक्षा सेवा केवल जागिर नभई राष्ट्र र जनताप्रतिको कर्तव्य भएको स्पष्ट पारे। बिसिआईका प्रबन्ध निर्देशक दीपक केसीले सुरक्षा सेवामा संलग्न हुन चाहने युवाका लागि बिसिआई 'विश्वसनीय गन्तव्य' बनेको बताए। पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, शिक्षक जीवन पाण्डे, र पूर्व प्रहरी निरीक्षक हेमलाल बेल्बासेले अनुशासन, कडा परिश्रम र सेवाभावलाई सुरक्षासेवाको आधारभूत गुण भन्दै नयाँ पुस्ताले जनताको मन जित्ने सेवा प्रदान गर्नुपर्नेमा जोड दिए।

केशव खड्का, प्रशिक्षक पुरुषोत्तम ज्ञवाली, प्रशिक्षक देव न्यौपाने, प्रशिक्षक दीपक पराजुली लगायत सुरक्षा सेवा कार्यक्रमका प्रशिक्षकहरू कार्यक्रममा उपस्थित थिए। २०७८ सालदेखि सुरक्षा सेवा तर्फ तयारी गरेको यस संस्थाले २०८२ सालसम्म आउँदा हजारौं विद्यार्थी सुरक्षामा प्रवेश गराउन सफल भएको छ। २०८२ सालमा मात्र २०० भन्दा बढी विद्यार्थी सुरक्षा सेवामा प्रवेश भएको विसिआईले जनाएको छ।

# १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी बुटवलमा उद्योग संघले लगाउने




बुटवल (बुटवल टुडे), २ मंसिर- १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव- २०८२ रूपन्देही उद्योग संघले गर्ने भएको छ। संघको आयोजनामा "संमृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशिलताको बिस्तार" भन्ने मूल नाराका साथ यही पौष ३ देखि १७ गते सम्म "१६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०८२" बुटवलमा आयोजना गर्न लागिएको छ।

बुटवल मण्डपमा निर्माण हुँदै गरेको अन्तराष्ट्रिय प्रदर्शनी केन्द्रमा आयोजना गर्दैछौं। प्रदर्शनी केन्द्रको भौतिक निर्माणको काम पूर्ण रूपमा अझै सकिएको छैन तर पनि हामीले बन्दै गरेको संरचना भित्र आधुनिक डिजाइनमा प्रदर्शनी आयोजना गर्न गइरहेका रूपन्देही उद्योग संघका अध्यक्ष कृष्ण प्रसाद पराजुलीले जानकारी दिए। बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी संघका अध्यक्ष पराजुलीले बुटवल मण्डपमा निर्माणाधिन आधुनिक प्रदर्शनी स्थलमा स्वदेशी उत्पादन, नयाँ प्रविधि, पर्यटन तथा कृषि उत्पादनको सहभागिताका लागि छुट्टाछुट्टै १० वटा पेभिलियनको व्यवस्था गरिएको जानकारी दिए।

देशको आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको औद्योगिक व्यवसायको संरक्षण, सम्वर्द्धन र विकास जरुरी छ। यसका लागि स्वदेशी उत्पादनको प्रयोगलाई सबैले प्राथमिकता दिनु जरुरी रहेको अध्यक्ष पराजुलीले बताए। उनले भने-'हामीले आयोजना गर्ने प्रदर्शनीले स्वदेशी उत्पादनलाई उपभोक्तासँग सोझो सम्पर्क स्थापना गराउँदै नयाँ उद्योग स्थापनाका लागि प्रोत्साहन र औद्योगिक सम्भावनाको खोजीमा टेवापुग्ने विश्वास हामीले लिएका छौं।'

संघले २०४५ सालमा पहिलो पटक र २०५३ सालदेखि निरन्तर औद्योगिक प्रदर्शनी आयोजना गर्दै आइरहेकोमा यस वर्ष १६ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव–२०८२ आयोजना गर्न गइरहेको छ। बुटवल उपमहानगरपालिका र नेपाल उद्योग परिसंघ यस आयोजनाका संरक्षक रहने छन्।

प्रदर्शनीका मुख्य उद्देश्यहरूमा स्वदेशी उत्पादनको प्रदर्शनी, नयाँ प्रविधिको खोजी, कला र संस्कृतिको जगेर्ना कृषिको व्यवसायीकरण, पर्यटन प्रवर्द्धन,युवा उद्यमीलाई प्रोत्साहन, स्वरोजगार श्रृजना, गोष्ठी र अन्तर्क्रिया रहनेछन्। प्रदर्शनीमा औद्योगिक प्रविधि, रेष्टुरेन्ट, कृषि, हस्तकला, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छाला जुत्ता, खाद्यान्न, आइटी लगायतका करिव ५०० स्टलहरू रहनेछन्। प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्यातिप्राप्त आधुनिक गायक गायिका, हास्यकलाकार, स्थानीय कलाकारहरूको प्रस्तुती, सांगितिक कार्यक्रम, विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, कलेज स्तरीय अन्तर कलेज बक्तृत्वकला प्रतियोगिता, लोक भजन प्रतियोगिता, प्रदर्शनी आइडल, टिक टक प्रमोसन प्रतियोगीता आदि प्रतियोगिताहरू रहने छन्।

# पिकोनको उत्प्रेरणा कार्यक्रम



बुटवल (बुटवल टुडे), २ मंसिर- भारतमा विद्युत सामग्रीमा नाम कमाएको पिकोन कम्पनीले रूपन्देहीमा आफ्नो उत्पादन लन्च तथा विद्युतकर्मीहरूलाई उत्प्रेरणा कार्यक्रम गरेको छ। यस क्षेत्रको आधिकारिक विक्रेता काशी ईलेक्टिक्स स्टोरको आयोजनामा सोमबार बुटवलमा आयोजना भएको कार्यक्रमको कम्पनीका भारत मार्केर्टिङ हेड मनोज पोदार, नेपालका विजनेश हेड विकास पोदारले विद्युतीय सामग्री उत्पादन गर्दा नयाँ नयाँ प्रविधीको प्रयोग गरि समयसापेक्ष र आम उपभोक्ताको माग अनुसार रहेको बताए। विशेष गरि भोल्टेज समस्या नहुने, उपभोक्ताको समस्या समाधान सहितको उत्पादन रहेको पोदारको दाबी छ। कम्पनीको हाल ७ सय बढी ईलेक्टिक उत्पादनहरू रहेका छन। नयाँ र प्रविधियुक्त उत्पादन रहेको छ।

यसैबीच नेपाल विद्युत ब्यवसायी महासंघका नवनिर्वाचित द्धितिय उपाध्यक्ष प्रकाश चन्द्र पाण्डे, सचिव लोकनाथ पोखरेल र प्रदेश संयोजक दिपक पौडेललाई सम्मान गरिएको छ। नेपाल विद्युत ब्यवसायी संघका अध्यक्ष सागरराज खरेल विद्युतकर्मीहरूको हकहितमा निरन्तर लाग्नुपर्ने बताए। कार्यक्रममा सुनसरी जिल्लाबाट डिलर आनन्द चित्लागिया, चितवनका प्रविण पौडेल, पर्साका कृष्ण पटेलको विशेष उपस्थिति रहेको थियो।

यसैगरि उत्प्रेरना कार्यक्रममा सहभागी एक सय ५० बढी विद्युतकर्मीहरूलाई लक्की ड्रमार्फत विभिन्न मेशिन, फ्रिज उपहार दिईएको काशी ईलेक्टिक स्टोरका एमडी सन्दिप कशौधनले बताए। कार्यक्रममा काशीका डाइरेक्टर राहुल कशौधनले विद्युतकर्मीहरूलाई आगामी दिनहरूमा समेत उत्प्रेरणा र तालिमका कार्यक्रममा जोड दिने प्रतिवद्धता जनाए।

## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।

**गगन सेनेटरी**, बुटवल-८, सुख्खानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

## ट्वाईलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।

**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल–१० सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

## Bardaghat Municipality
## Office of the Municipal Executive

**Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDING ONLY)

**Publication Date: 2025/11/19**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/Works/ 03/082/083 | Krishi Upaj Bajar Purbadhar Nirman, Bardaghat- 09, Bhutaha | 45/75 days | 17,16,727.68 | 50,000 | 1,000 |

| | |
|---|---|
| **Account No. for bid document purchase fee:** | **Account No. for bid security deposit:** |
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi |
| **Name of Office:** Bardaghat Municipality, Bardaghat | **Name of Office:** Bardaghat Municipality, Bardaghat |
| **Account Number (Antarik Rajaswo):** 0832050028211002 | **Account Number (Dharauti Khata):** 8341498482524004 |
| **Deadline of bid submission** | **Date and time of bid opening** |
| 2025/12/04 till 12:00 Noon | 2025/12/04 at 1:30 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**




## अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भब्य रुपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल, मुद्रण: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.